# 𑐣𑐾𑐥𑐵𑑅 𑐬𑐵𑐲𑑂𑐚𑑂𑐬𑐶𑐫 𑐥𑐵𑐬𑑂𑐚𑐷

## नेपाः राष्ट्रिय पार्टी

# घोषणा-पत्र

चुनाव चिन्ह

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक एवं बहुधार्मिक मुलुक हो । यहाँका सम्पूर्ण जाति, भाषा, संस्कृति एवं धर्म मान्ने जनताको विकास नभई देशको विकास हुन सक्दैन । गत २४० वर्षदेखि लादिँदै आएको एक भाषा, एक जाति एवं एक धर्म नीतिले गर्दा मुलुकको जो दुरावस्था भएको छ त्यो नै यसको ठोस उदाहरण हो ।

नेपाली जनतालाई यस स्थितिबाट मुक्ति दिलाउन गरिएको बलिदानीपूर्ण दोस्रो जनआन्दोलनबाट अहिले मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको नयाँ चरणमा प्रवेश गरेको छ । उक्त जनसंघर्षमा सदियौंदेखि उत्पीड़ित हुँदै आएका सम्पूर्ण जनजाति, मधेशी, महिला एवं दलित समुदायले सशक्त भूमिका निर्वाह गरेको सर्वविदितै छ । तर संघर्षको सफलता पश्चात् सत्तारूढ सात दल बीचको आपसी खिचातानी र कथित सहमतिका नाममा उत्पीडित जनताका अपेक्षाहरूलाई क्रमशः लत्याउँदै गएको अनुभव सबैले गरेका छन् । अतः ओझेलमा पर्न लागेका यी अपेक्षाहरूलाई पुनः निरन्तर उठाइरहन र सम्पूर्ण उत्पीडित जाति, भाषा, धर्म, संस्कृतिका जनतालाई राज्य सञ्चालनको उच्च तहसम्म पुऱ्याई समग्र मुलुकको समानुपातिक विकास गर्न यस **नेपाः राष्ट्रिय पार्टी** को निर्माण भएको हो ।

जनताका यी मागहरूलाई सम्बोधन गरी मुलुकलाई नयाँ दिशा दिने अभियान स्वरूप देशमा यही आउँदो नेपाल संवत् ११२८ चौलाथ्वः पञ्चमि (२०६४ चैत्र २८ गते) संविधानसभाको निर्वाचन हुँदैछ । संविधानसभाको चुनाव नेपालको इतिहासमै हुन लागेको एक ऐतिहासिक अवसर हो । यस ऐतिहासिक घडीलाई देशका सम्पूर्ण उत्पीडित जाति, भाषा, धर्म र संस्कृतिका जनतालाई पूर्ण मुक्ति दिलाउने अवसरका रूपमा उपयोग गरिनु पर्दछ । यदि सामुन्ने आएको यस अवसरमा चुक्यौं भने फेरि पनि सदियौंसम्म हामी आफ्नो अधिकारबाट वञ्चित हुनुपर्ने छ ।

अतः संविधानसभासम्म पुगी त्यहाँबाट बन्ने नयाँ संविधानमा उत्पीडित जातिका अधिकारहरूलाई सुनिश्चित गर्न आउँदो संविधानसभाको चुनावमा **नेपाः राष्ट्रिय पार्टी** ले सक्रिय रूपमा भाग लिनेछ । संविधानसभाको लागि हुने प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीहरूमा यस पार्टीले आफ्नो वर्चस्व र क्षमता अनुसार उम्मेदवारी दिनेछ ।

**संविधानसभामा नेपाः राष्ट्रिय पार्टी किन ?**

- ✦ मुलुकमा युग सुहाउँदो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न ।
- ✦ संघको निर्माण जातीय, भाषिक र क्षेत्रीय आधारमा गर्न र त्यहाँको शासन व्यवस्थामा स्थानीय आदिवासी जनतालाई अग्राधिकार प्रदान गर्न ।
- ✦ प्रत्यक्ष निर्वाचनबाट राष्ट्राध्यक्ष चुनिने राष्ट्रपतीय प्रणाली लागू गराउन ।
- ✦ विभिन्न क्षेत्रहरूमा त्यहींकै आदिवासीलाई अग्राधिकारसहितको स्वशासन दिए झैं ऐतिहासिक, साँस्कृतिक र निरन्तर बसोबासको आधारमा निर्माण गरिने नेवाः प्रदेशमा यहींकै आदिवासी नेवार जातिलाई स्वशासनको अधिकार दिलाउन ।
- ✦ ती बाहेक अन्य जातिहरूलाई संयुक्त राष्ट्र संघले पारित गरेको अल्पमतको अधिकार दिई संरक्षणको व्यवस्था गराउन ।
- ✦ नेवाः प्रदेशलाई सबै प्रकारका साँस्कृतिक, पर्यावरणीय प्रदूषणबाट जोगाई विश्व सम्पदा शहरको रूपमा विकास गर्न ।
- ✦ राज्यमा मानवाधिकार, बाल-अधिकार र वाक्-स्वतन्त्रताको ग्यारेन्टी गराउन ।
- ✦ सबै संघहरूको प्रशासन, अदालत, शिक्षा आदि क्षेत्रमा मातृभाषा, सम्पर्क भाषा र अन्तर्राष्ट्रिय भाषाको त्रिभाषिक नीति लागू गराउन ।
- ✦ कुनै एक ठाउँमा मात्र विकासलाई केन्द्रित नगरी संघीय व्यवस्थाको मर्म अनुरूप गाउँ गाउँसम्मै विकास पुऱ्याउन ।
- ✦ राष्ट्रिय पुँजीको सदुपयोग गर्न एवं अन्तर्राष्ट्रिय व्यापारिक क्षमता बढाउन ।
- ✦ सम्पूर्ण जनतालाई आफ्नै मातृभाषामा लेखपढ

गर्न पाउने अधिकार दिलाउन । सबैको लागि शिक्षा भन्ने नारा अनुसार शिक्षालाई रोजगारमूलक एवं जीवनोपयोगी बनाउन ।

- सबैलाई आफ्नो संस्कृति, धर्म मान्ने स्वतन्त्रता प्रदान गर्न ।
- जातिभेद, लिंगभेद, छुवाछुट, अन्धविश्वास, कुरीति जस्ता कुरालाई जरैदेखि निर्मूल गर्न ।
- प्राकृतिक स्रोतलाई स्थानीय जनताकै वृहत्तर हितमा प्रयोग गर्न ।
- संघीय व्यवस्थामा प्रदेशहरूको बीच सुमधुर सम्बन्ध कायम गरी एकआपसमा साझेदारीपूर्ण विकासका कार्यहरू शुरू गर्न ।
- कृषि क्षेत्रलाई उद्योगमुखी एवं निर्यातमुखी बनाउन ।
- युवाशक्तिलाई विदेश पलायन होइन पूर्ण रोजगारीको व्यवस्था गरी स्वदेशकै निर्माणमा खटाउन ।
- राज्यको हरेक क्षेत्रमा महिलाको सहभागिता बढाउन ।
- प्रत्येक अपांग नागरिकलाई दयाको पात्र होइन स्वाभिमानपूर्ण जीवन जिउने अवसर दिलाउन ।
- पञ्चशीलमा आधारित परराष्ट्र नीति अपनाउन ।
- जातीय स्वशासनका पक्षधर सम्पूर्ण शक्ति एकजुट गर्न ।

यी कुराहरू मजबुतीका साथ लागू गरिए मात्रै मुलुकको राष्ट्रियता, अखण्डता र सार्वभौमिकता दिगो हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ । तसर्थ संविधानसभाको चुनाव मार्फत माथि उल्लेखित प्रतिबद्धताहरू हासिल गर्न समानताका पक्षधर सम्पूर्ण जातीय, भाषिक, धार्मिक, लैंगिक तप्काका जनतालाई हामी हार्दिक अपिल गर्दछौं ।

# राष्ट्रिय एकताको आधार जातीय स्वशासन !


नेपाः राष्ट्रिय पार्टी

सम्पर्क कार्यालय

पो. बा. नं. ०८१, वसन्तपुर, काठमाडौं

फोन ९८५१०७६२०१, ९८४१७६०५०७

फ्याक्स् ४२७७०३३

ईमेल nerapartv@gmail.com

nepaparty@gmail.com